श्री

उच्च अदालत जनकपुर

संयुक्तइजलास

इजलास नं.१

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री नर बहादुर खड्का

**फैसला**

निर्णयनं.-४४

फौ.नं.-०८१-CS-००१४

रजिष्ट्रेशन नः-३६-०७७-०००१०

**मुद्दा : ज्यानसम्बन्धी कसूर।**

कृष्णकुमार यादवको जाहेरीले नेपाल सरकार.......................................................१ } पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला महोत्तरी, सम्सी गा.पा. वडा नं.६ बस्ने महेशी भन्ने महेश राय यादवको छोरा संजित कुमार यादव.............................................................................................१

जिल्ला महोत्तरी, सम्सी गा.पा. वडा नं.६बस्ने रामफल राय यादवको छोरा महेशी भन्ने महेश राय यादव.............................................................................................१

} प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री महोत्तरी जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री हरिप्रसाद शर्मा उपाध्याय पंगेनी |
| शुरु फैसला मिति | २०८०।०४।२९ |
| शुरू मुद्दा नम्बर | ०७७-C१-०००९ |
| पुनरावेदन दर्ता मिति | २०८१।०४।०३ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः-**

**तथ्य खण्ड**

१. जिल्ला महोत्तरी सम्सी गाउँपालिका वडा नं. ६ स्थित पूर्व रविन्द्र यादवको घर, पश्चिम कपिलेश्वर यादवको खाली जग्गा, उत्तर आशिक यादवको घर, दक्षिण चन्देश्वर यादवको घर यति चार किल्ला भित्र पूर्व मोहडा भएको ३ वटा तल र ३ वटा माथी कोठा भएको टाली र खपडाले छाएको काठको खलङ्गा बला संजित यादवको घर रहेको सो घरको माथिल्लो तल्लामा दक्षिण

कुनामा रहेको तेस्रो कोठामा संजित यादवको श्रीमती वर्ष २२ की सुनिला यादव सुत्ने कोठा रहेको, सो कोठामा दक्षिण कुनामा पूर्व टाउँको र पश्चिम खुट्टा राखी सुत्ने पलङ्ग खाट रहेको, सो कोठाको छानोदेखि तलसम्मको दुरी ७ फिट रहेको, सो घर कोठामा राखेको पलङ्ग खाटदेखि उत्तरतर्फ छानोको बलोमा सलको पासो लगाई झुण्डिएको अवस्थामा संजित राय यादवको श्रीमती वर्ष २२ की सुनिला यादव रहेकोमा निजको श्रीमान् संजित यादवले देखेकोमा निजले लगाएको सलको पासो काटी सुनिला यादवलाई ऐ. वडा नं. ६ को सम्सी बजारमा रहेको जिवनज्योती अस्पतालमा उपचारको लागि लगेकोमा उपचारको क्रममा संजित यादवको श्रीमती वर्ष २२ की सुनिला यादवको मृत्यु भएको ठिक साँचो हो। सो कोठा पलङ्ग छेउ भुईमा खुर्पा-१, चुलेसी-१ र कालो रङ्गको सल कपडाको २ फिट ८ ईन्च चौडाई ३ फिट लम्बाईको टुक्रा-१ फेला परेका हुदाँ प्रहरीले उठाई लगेको भन्ने समेत व्यहोराको **घटनास्थल मुचुल्का।**

२. जिल्ला महोत्तरी सम्सी गाउँपालिका वडा नं.६ सम्सी गाउँको पूर्वमा नरेश रायको जग्गा, पश्चिममा चन्डेश्वर राय यादवको पक्की घर, उत्तरमा नरेश रायको जग्गा र दक्षिणमा सम्सी-रामगोपालपुर सडक यति चार किल्लाभित्रमा रहेको जिवन ज्योति हस्पिटल एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि.को इमरजेन्सी कक्षमा बर्कोले छोपी राखेको सुनिला कुमारी यादवको मृत लास रहेको, सो बर्को हटाई हेर्दा पहेलो रङ्गको कुर्था, कालो रङ्गको सुरुवाल लगाएको, सुरुवालको दाहिने खल्तिमा रातो रङ्गको पोतेमा जोडिएको मंगलसुत्र चुडिएको अवस्थामा रहेको, सोही खल्तीमा १,००० दरको ३ थान, ५०० दरको १ थान, ५० दरको ३ थान, १० दरको ३ थान, २० दरको १ थान र भारतीय रुपैया रु. १०० दरको १ थान, १० दरको १ थान नगद रहेको, घाँटीमा "U" आकारको ११ ईन्च लम्बाई र १/२ ईन्च चौडाइको, खैरो रङ्गको निलडाम रहेको, वायाँ आखाँ मुनि डिलमा २" लम्बाई निलडाम रहेको, दुबै ओठको वायाँतर्फ वाहिर ओठ र ओठ भित्र गोलाकार निलडाम रहेको भन्ने समेत व्यहोराको **लाश जाँच मुचुल्का।**

३. Ligature mark seen in neck above Thyroid cartilage measuring 20 cm×0.1 cm which is incomplete going backward and upward with knot present in left side of neck below the angle of mandible, Left eye below bruise 5 cm×3 cm size, Left side of mouth, upper and lower bruise (2×1) cm in size, Right side of back trunk pattern abrasion over upper back right side (5×0.1) cm and central right side (4×0.1) cm, Undetermined until viscera report will come cause will be confirmed after viscera analysis and toxicological reportभन्ने समेत व्यहोराको **मृतक सुनिला कुमारी यादवको शव परीक्षण प्रतिवेदन।**

४. म जाहेरवलाको बहिनी मृतक सुनिला कुमारी देवी र जिल्ला महोत्तरी सम्सी गाउँपालिका वडा नं.७ बस्ने अपराधी संजित कुमार यादव बिच ६ वर्ष अघि हिन्दु परम्परा अनुसार विवाह भएको र निजहरुको दाम्पत्य जिबनबाट वर्ष ४ को १ छोरा प्रितमको जायजन्म भएको छ र निज बहिनी ३ महिनाको गर्भवती थिइन्। बिवाह भएको केही दिन पश्चातनै अपराधीहरु बुबा/छोरा मिली मेरो बहिनीलाई तिम्रो बुबाले सुनको हनुमानी सकारेको थियो। सो दिएन। लिएर आउँ भनि पटक-पटक भन्दा मेरो बहिनीले मेरो बुबाले सकारेको सम्पूर्ण सामानहरु दिनु भएको छ भनी भन्दा अपराधीहरुले मेरो बहिनीलाई कुटपिट गरी पटक-पटक शारीरिक यातना दिईरहनु भएको हुदाँ उक्त कुराको जानकारी म जाहेरवालालाई हुदाँ अपराधी संजितलाई सुन वापत नगद दिई निज अपराधीलाई अब मेरो बहिनीलाई कुटपिट नगर्नु भनि सम्झाई बुझाई गरेको थिएँ। यसरी

अपराधीहरुको एउटा माग पुरा गर्दा अर्को माग गरी हाल्ने र सो दिनमा ढिलो हुँदा वा दिन नसके मेरो बहिनीलाई कुटपिट गरी शारीरिक र मानसिक यातना दिने गर्दथें। मिति २०७७।०३।११ गते मेरो भाई विष्णु कुमार यादवको विवाह भएकोमा उक्त विवाहमा मृतक, बहिनी र अपराधी संजित समेत मेरो घर आउनु भएको थियो। उक्त विवाहमा पनि संजित कुमारले विवाद गरी कोर्ट पैन्ट र सुनको औठी माग्नु भएकोमा मेरो बुबाले निज अपराधीलाई कोट पैन्ट सिलाई दिनु भएको थियो। त्यो कोट पैन्ट राम्रो छैन भनि लिन ईन्कार गर्नु भयो। साथै निज अपराधीको बुबा महेशी राय यादवले भैसी माग गर्नु भएकोमा मेरो बुबाले अब म सुन र भैसी दिन सक्दैन। मेरो हैसियत छैन भनि ईन्कार गर्नु भएकोमा विवाहको भोलिपल्टनै अपराधीहरु मिली मेरो बहिनीलाई घरबाट जवर्जस्ती ल्याई कुटपिट गरी रहनु भएको थियो। मिति २०७७।०३।१३ गते राती ०८:४९ बजेको समयमा मृतक बहिनीले मलाई फोन गरी अपराधीहरुले मलाई कुटपिट गरिरहेको छ, ज्यान मारी दिन्छ भनि म जाहेरवालासँग जाने साधन श्रोत नभएको हुँदा भोलि आउछु भनि भन्दा मृतक बहिनीले आफ्नो देवरको मोबाईल नम्बर ९८१६८८०९२८ बाट मेरो भिनाजु बिलट राय यादवलाई फोन गरी अपराधीहरुले मलाई कुटपिट गरी ज्यान मारी दिन्छ। आउनुस् मलाई लिएर जानु भनी भन्दा दिदी भिनाजु बहिनीको घरमा गई मृतकलाई हामीसँग जान दिनुस् भनी भन्दा अपराधीहरुले जान नदिई मिति २०७७।०३।१४ गतेका दिन अपराधीहरु मिली बहिनीलाई कुटपिट गरी घाँटी थिची कर्तव्य गरी मारी सलमा पासो लगाई झुण्डयाई ज्यान मारी दिएको हुँदा अपराधीहरुलाई पक्राउ गरी सजाय गरी पाउँ भन्ने समेत व्यहोराको **कृष्ण कुमार यादवको जाहेरी दरखास्त।**

५. ६ बर्ष पहिला मेरो छोरा संजित कुमार यादवको बिवाह सुनिला कुमारी यादवसँग भएको, मिति २०७७।३।११ गते बुहारीको दाजु बिष्णु कुमार यादवको बिवाह भएकोले १०/१२ दिन पहिला बुहारी माईती गएकी, ३ दिन पहिला छोरा संजित कुमार यादव गएको थियो। बिवाह पश्चात ऐ.१३ गते दिउँसो छोरा बुहारी समेत घरमा आएको, घरमा आउँदा बिवाहमा छोरा संजितले रोजेको कपडाको कोट र पेन्ट खरीद नगरेको भनि छोराले लिन नमानेको कोट र पेन्ट बुहारीले लिई आएको भनि छोरा र बुहारी बीच बिवाद भएकोले झगडा छुट्टाई दुवैलाई सम्झाई बुझाई गरेको, साँझ अ.१९:०० बजेतिर पुनः बिवाद गरेकोले छोराले बुहारीलाई अनुहारमा ३ थप्पड हानेको, बुहारीले रुंदै मेरो कान्छा छोरा भोगेन्द्रको मोबाईल लिई आफ्नो माईतीमा दाजुहरु, दिदी र भिनाजु बिलट यादव समेतलाई फोन गरी मलाई कुटपिट गरेको छ। म यहाँ बस्न सक्दैन। तुरुन्त लिन आउनु भनी भन्दा दिदी र भिनाजु मेरो घरमा आई बुहारीलाई सम्झाई बुझाई गरी फर्केको, बुहारीलाई कान्छी बुहारी हेमकलासँग सुत्न लगाएको, ऐ.१४ गते बिहान बुहारी व्युझी आफ्नो कोठामा गई अं.०७:०० बजेको समयमा घर कोठाभित्रै झुण्डेको कुरा छोरा संजितले देखी चिच्याएको हुँदा म समेत हतारमा माथि गई मेरो जेठो छोरा रविन्द्र कुमार यादवले झुण्डेको सल कपडा काटी उपचारको लागि नजिकैको अस्पतालमा लैजादा बुहारीको मृत्यु भई सकेको थियो भन्ने समेत व्यहोराको प्रतिवादी महेशी भन्ने महेश राय यादवको बयान ।

६. आफनै जातिय परम्परा अनुसार सुनिला कुमारी यादवसँग मेरो बिवाह भएको, मिति २०७७।३।११ गते निजको दाजु बिष्णु कुमार यादवको बिवाह भएकोले १० दिन पहिला माईती गएकी, ३ दिन पहिला म गएको, गौशाला बजारमा सामानहरु खरीद गर्ने क्रममा मैले राजेको

कपडाको कोर्ट र पेन्ट नदिएकोले मैले नलिएको, बिवाह पश्चात ऐ.१३ गते दिउँसो घरमा आउँदा अरु व्यक्तिको नाप जाँच गराई सिलाएको कोर्ट र पेन्ट श्रीमतीले मेरो लागि लिई आएकोले सोही बिषयमा दुवै जना बीच बिवाद परेको, सोही बिषयमा साँझ अ.१९:०० बजेतिर पुनः बिवाद परेकोले मैले आवेशमा आई अनुहारमा ३ थप्पड हानेको हुँदा निजले दाजुहरु, दिदी र भिनाजुलाई फोन गरी बोलाएकोले अ.२२:०० बजेको समयमा निजको दिदी र भिनाजु बिलट यादव समेत मेरो घरमा आई सम्झाई बुझाई गरी फर्केको, श्रीमतीले मेरो कान्छा भाई बुहारी हेमकलासँग र म आफ्नै कोठामा सुतेको, ऐ.१४ गते बिहान व्युझी दिशा पिसाव गरी अ.०६:३० बजेतिर घरमा आउँदा श्रीमतीले आफ्नो कोठामा आई सुतेको थियो। अ.०७:०० बजेको समयमा आफ्नै घर कोठाको भित्रको छिस्केनी लगाई भित्रै झुण्डेको देखी चिच्याई ढोकाको माथिबाट हात छिराई छिस्केनी खोली कोठामा प्रवेश गरी श्रीमतीको घाँटीको पासो मेरो दाजु रविन्द्र कुमार यादवले झुण्डेको सल कपडा काटी उपचारको लागि नजिकैको अस्पतालमा लैजादा निजको मृत्यु भई सकेको थियो भन्ने समेत व्यहोराको **प्रतिवादी संजित कुमार यादवको बयान।**

७. मृतक सुनिला कुमारी यादवको शरीरबाट निकालिएको नमुना भिषेरा परीक्षणका लागि **केन्द्रीय प्रहरी बिधि बिज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौ पठाइएको पत्र।**

८. मिति २०७७।३।११ गते मेरो साला बिष्णु कुमार यादवको बिवाह भएकोले मेरो साली सुनिला कुमारी यादव माईती आएको, बिवाहमा साढु भाई संजित कुमार यादवले रोजेको नभई सालो कृष्ण कुमार यादवले रोजेको कपडा सिलाई दिएको कोर्ट र पेन्ट साढु भाईले लिन नमानेको, निजको बुवा महेश राय यादवले माग गरेको भैसी नपाएको, मिति २०७७।३।१३ गते दिउँसो साढु भाई संजित र सुनिला आफ्नो घर जानु भएको, अ.२१:३० बजेको समयमा सुनिलाले मलाई कुटेको छ, रातभरीमा मारी दिने छ भनि रुंदै फोन गरेको हुदाँ मैले मेरो श्रीमती सुशीला समेतलाई साथमा लिई मोटरसाईकल चढी अ.२२:२५ बजेको समयमा निजको घरमा पुगी मेरो श्रीमती सुशीलाले निजको ससुरा महेशी राय यादवलाई सधैं तपाईहरुले किन मेरो बहिनीलाई कुटपिट गर्नु हुन्छ? कहिले सुख शान्ति दिनु भएन। किन यस्तो गरेको? भन्दै गर्दा साली सुनिलाले आफ्नो छोरा प्रितम समेतलाई साथमा लिई आई रुंदै मलाई कुटपिट गर्छ, सँगै जान्छु। मैले जहाँ बसे पनि आफैले कमाई मेरो छोरालाई पालन सक्छु। ससुरासँग पछि अंश लिउला भन्दा निजको ससुराले म तिमीलाई अंश दिन्छु भन्दै रिसाएको थियो। सो बखत सुनिलाको अनुहार समेतमा सामान्य कुटपिट गरेका चोटहरु रहेको थियो। भोलि आई छलफल गरौला भन्दै सुनिलालाई सम्झाई बुझाई गरी आफ्नो घर आएको, ऐ.१४ गते अ.०७:०० बजेको समयमा सुनिलाको देवर भोगेन्द्र यादवले फोन गरी तपाई तुरुन्त आउनु, सुनिला यहाँ झुण्डेको छ, अवस्था सिरीयस भनेकोले म र मेरो श्रीमती समेत जिवन ज्योती अस्पतालमा आउँदा सुनिलाको मृत लाश रहेको थियो। मृतकको अनुहार, आँखा र घाँटी समेतको भागमा घाउँ चोट निलडामहरु रहेको, कपाल लुछिएको अवस्थामा रहेको हुँदा प्रतिवादीहरु संजित कुमार यादव समेतले कुटपिट गरी हत्या गरेको हुँदा निजहरुउपर कानुनबमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको **बिलट राय यादवको कागज।**

९. मिति २०७७।३।११ गते मेरो कान्छो भाई बिष्णु कुमार यादवको बिवाह भएकोले मेरो बहिनी सुनिला कुमारी यादव माईती आएको, बिवाहमा बहिनी ज्वाई संजित कुमार यादवको लागि सिलाई दिएको कोर्ट र पेन्ट निजले लिन नमानेको, निजको बुबा महेशी राय यादवले भैसी माग गर्नु भएको

थियो। मिति २०७७।३।१३ गते ज्वाई संजित र बहिनी सुनिला आफ्नो घर जानु भएको हो। अ.२१:३० बजेको समयमा सुनिलाले रुँदै फोन गरी दिदी यहाँ मलाई कुटपिट गरी रहेको छ, मलाई तुरुन्त लिन आउनु भनेकोले म आफ्नो श्रीमान्सँग बहिनीको घरमा पुगेको हो। मैले बहिनीको ससुरा महेशी राय यादव र सासुलाई सधैं तपाईहरुले किन मेरो बहिनीलाई कुटपिट गर्नु हुन्छ? कहिले सुख शान्ति दिनु भएन। किन यस्तो गरेको? भन्दा निजको ससुरा, सासुले तपाईको बहिनी पनि बदमासै रहेको छ। त्यतिकैमा बहिनी रुँदै निजको घर परिबारका मानिसहरुले मलाई दिनहुँ कुटदै आएको हुँदा म श्रीमान् सँगै बस्दिन भनेकोमा म, बहिनी र बहिनीको छोरा आफुसँगै लैजान खोज्दा निजको ससुरा र सासुले रोकी रातीको समयमा बुहारी जाँदैन। भोलि बिहानको समयमा आउनु, लिएर जानु भन्दा म बहिनीलाई सम्झाई बुझाई गरी घर फर्की आएकोमा १४ गते बहिनीको देवर भोगेन्द्र यादवले तुरुन्त आउनुस्, सुनिलाको अवस्था सिरियस छ भनेकोमा म समेत जिवन ज्योती अस्पतालमा आउँदा सुनिलाको मृतक लाश रहेको थियो। मृतकको अनुहार, आँखा र घाँटी समेतको भागमा घाउँ चोट निलडामहरु रहेको, कपाल लुछिएको अवस्थामा रहेको हुँदा प्रतिवादीहरु संजित कुमार यादव समेतले कुटपिट गरी हत्या गरेको हुँदा निजहरुउपर कानुनबमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको **सुशीला यादवको कागज।**

१०. मिति २०७७।३।१४ गते अं.०७:०० बजेको समयमा म आफ्नो धारामा हात खुट्टा धोईरहेको अवस्थामा साथी कृष्ण यादवले मलाई फोन गरी मेरो कान्छी बहिनी सुनिला यादवलाई निजको श्रीमान् लगायत निजका घरपरिबारका मानिसहरु मिली कर्तव्य गरी मारी दिएको हो, तपाई तुरुन्त सम्सी आउनु भनेकोमा म समेत सम्सी बजारमा रहेको जीवन ज्योती अस्पतालमा पुग्दा सुनिला कुमारी यादवको मृत लाश रहेको थियो। मृतकको अनुहार, आँखा र घाँटी समेतको भाग समेतमा चोट निलडामहरु रहेको, कपाल लुछिएको अवस्थामा रहेको थियो। तत् पश्चात घटनास्थलमा आउँदा मृतक सुत्ने कोठामा हेर्दा सामानहरु छरिएको, केटाले लगाउने गन्जीमा सिन्दुर लागेको, चुराका टुक्राहरु छरिएको अवस्थामा रहेको र सोही कोठामा बाँसको लाठी हरियो रंगले पेन्ट गरिएको समेत रहेको, सुनिला कुमारी यादवको पति संजित कुमार यादवले यस पूर्व पटक-पटक कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने गरेको कुरा साथीले भन्दा थाहा पाएको हो। प्रतिवादीहरु संजित कुमार यादव समेतले कुटपिट गरी हत्या गरेको हुँदा निजहरुउपर कानुनबमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको **मनोज कुमार यादवको कागज।**

११. मिति २०७७।३।१४ गते अ.०७:०० बजेको समयमा जाहेरवाला कृष्ण कुमार यादवले मलाई फोन गरी मेरो बहिनी सुनिला कुमारी यादवलाई निजको घर परिवारका सदस्यहरुले कुटपिट गरी हत्या गरेको छ। तुरुन्त आउन भनेको हुँदा मोटरसाईकल चढी सम्सीमा रहेको जीवन ज्योती अस्पतालमा पुग्दा सुनिला कुमारी यादवको मृत लाश रहेको थियो। मृतकको अनुहार, आँखा र घाँटी समेतको भागमा चोट निलडामहरु रहेको, कपाल लुछिएको अवस्थामा रहेको थियो। सुनिला कुमारी यादवको पति संजित कुमार यादवले यस पूर्व पटक-पटक कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने गरेको कुरा साथीले भन्दा थाहा पाएको हो। प्रतिवादीहरु संजित कुमार यादव समेतले कुटपिट गरी सुनिलाको हत्या गरेको हुँदा निजहरुउपर कानुनबमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको **राजनारायण यादवको कागज।**

१२. मृतकको सासु नैन कुमारी देवीले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा पेश गरेको मृतक सुनिला कुमारी यादवको हत्या अपराधसँग प्रमाण लाग्ने कालो रंगको चौडाई २ फिट ८ ईन्च, लम्वाई ३ फिट ११ इन्चको सलको टुक्रा थान १ प्रहरीले बरामद गरी लिएको भन्ने समेत व्यहोराको **बरामदी मुचुल्का।**

१३. मृतक जेठानी दिदी सुनिला कुमारी यादवको दाजु बिष्णुकुमार यादवको मिति २०७७।३।११ गते बिवाह भएकोले मृतक करिब १० दिन पहिला आफ्नो माईती जानु भएको, मिति २०७७।३।१३ गते दिउँसो जेठाजु संजितसंगै सुनिला र निजको छोरा प्रितम समेत घरमा आएको, निजहरुले घर माथि कोठामा बिवाद गरी पसलमा गएको, साँझ अ.१९:०० बजेको समयमा म भान्सा कोठामा खाना पकाउन लागेको, माथि जेठाजु संजित र सुनिला झै-झगडा गरी रहनु भएको हुँदा ससुरा महेशले झगडा छुटाउन जानु भएको हो। जेठाजु संजितले सुनिलालाई कुटपिट गर्नु भएको रहेछ। अं.२२:२५ बजेको समयमा सुनिलाको दिदी र भिनाजु आई सुनिलालाई सम्झाई बुझाई गरी फर्की आफ्नो घर तिर गएको, सुनिला र निजको छोरा प्रितम मेरो कोठामा मसँगै सुतेको, ऐ.१४ गते बिहान अं.०६:०० बजेको समयमा म तल कोठाहरु बढारी चापाकलमा भाँडाहरु धुन लागेको बखत जेठाजु संजितले माथिबाट एक्कासी बाबु हो। बाबु यसलाई के भयो? भन्दै कराएको चिच्याएको हुँदा हो-हल्ला भएको हो। म भाँडा सफा गरी घरमा आउँदा जेठानी दिदी सुनिलालाई नजिकैको अस्पतालमा लगिसकेको थियो । जेठाजु संजितले भने अनुसार सुनिलाले आफ्नो कोठामा झुण्डेको देखी झुण्डेको सल कपडा काटी निजलाई उपचारको लागि लगेकोमा उपचार हुन नपाउदै सुनिलाको मृत्यु भई सकेको थियो भन्ने समेत व्यहोराको **हेमकला देवी यादवको कागज।**

१४. मृतक बुहारी सुनिलाको दाजु बिष्णु कुमार यादवको मिति २०७७।३।११ गते बिवाह भएकोले सुनिला करिव १० दिन पहिला आफ्नो माईती गएकी थिईन्। ऐ.१३ गते दिउँसो छोरा संजितसंगै बुहारी सुनिला र नाती प्रितम समेत घरमा आएको हो। छोरा र बुहारी एक आपसमा बिवाद गर्दै आएको हुदाँ मैले दुवै जनालाई सम्झाई बुझाई गरेको हुदाँ निजहरु कपडा चेन्ज गरी कस्मेटिक पसलमा गएको हो। साँझ अं.१९:०० बजेको समयमा घर माथि कोठामा छोरा संजित र बुहारी सुनिला झै-झगडा गरेको हुदाँ मेरो पति महेशलाई माथि पठाई छोरा भोगेन्द्र समेतलाई बोलाई झगडा छुटाउन माथि पठाएकोमा छोरा संजितलाई सम्झाई बुझाई गर्दै माथिबाट तल ल्यायो। लगतै बुहारी सुनिलाले झोला र आफ्नो छोरा समेत लिई तल आई म आफ्नो माईती जान्छु भनेको हुदाँ झगडा सुनी आई पुगेका वरिपरीका मानिसहरुले बुहारी सुनिलालाई सम्झाई बुझाई गरेको हुदाँ निज पुनः माथि गएको, झगडा बिवादकै क्रममा अं.२२:२५ बजेको समयमा बुहारी सुनिलाको दिदी र भिनाजु समेत मेरो घरमा आई पुगेको, म तल बसिरहेको बखत निजको दिदी र भिनाजु समेत माथि गई बुहारी सुनिलालाई सम्झाई बुझाई गरी फर्की आफ्नो घरतिर गएको, बुहारी सुनिला र निजको छोरा प्रितम समेत कान्छी बुहारीको कोठामा सुतेको हो। ऐ.१४ गते अं.०६:३० बजेको समयमा छोरा संजित माथि कोठामा एक्कासी चिच्याएको हुदाँ मेरो पति महेश, छोरा भोगेन्द्र र वरिपरिका मानिसहरु समेत माथि गएको, बुहारी सुनिला सुत्ने कोठामा झुण्डेको सल कपडाको पासो काटी नजिकैको अस्पतालमा लगेकोमा बुहारी सुनिलाको मृत्यु भई सकेको थियो भन्ने समेत व्यहोराको **नैन कुमारी देवीको कागज।**

१५. मिति २०७७।३।११ गते मेरो छोरा बिष्णु कुमार यादवको बिवाह भएकोले छोरी सुनिला कुमारी यादव करिब १० दिन पहिला मेरो घरमा आएको, बिवाह पश्चात मिति २०७७।३।१३ गते दिउँसो ज्वाई संजितसंगै छोरी सुनिला र नाती प्रितम समेत आफ्नो घर गएको हो।कोट र पेन्टको निहुँमा साँझतिर ज्वाई संजितले छोरी सुनिलालाई कुटपिट गरेको हुदाँ जेठो ज्वाई बिलट राय यादव र जेठी छोरी सुशीला यादव समेत राती नै ज्वाई संजितको घरमा पुगी सम्झाई बुझाई गरी आएको हो। १४ गते अं.०७:०० बजेको समयमा छोरी सुनिला अस्पतालमा रहेको कुरा जानकारी पाई म समेत सम्सी गाउँको जीवन ज्योती अस्पतालमा पुगी हेर्दा छोरीको लास रहेको, अनुहार, मुख, आँखा समेतमा कुटपिट गरेको निलडामहरु रहेको थियो। घाँटी थिचेको कडा डाम रहेको, कुटपिटको क्रममा कपाल लुछिएको अवस्थामा रहेको, शरीरको कपडा च्यातिएको, मंगलशुत्र चुडिएको, घटनास्थलमा छोरी सुत्ने घर कोठामा छोरीको चुरा फुटेको टुक्राहरु रहेको, २ वटा लाठीहरु राखिएको, ज्वाईले लगाउने सेन्डो २ वटा गन्जीमा सिन्दुर लागेको अवस्थामा रहेको, बिवाहमा सम्धी महेशले माग गरेको भैसी र सुनको औठी नपाएको, ज्वाई संजितले कोट र पेन्ट मन नपरेको भनि लिन नमानेको, ज्वाईको भाई भोगेन्द्र राय यादवले मनमा ईवी लिई रिसाई जन्तीबाट घर फर्केको, पहिलादेखि नै छोरीलाई शारीरिक तथा मानसिक यातना दिदै आएको, सोही कारणहरुबाट मनमा ईवी लिई मिति २०७७।३।१४ गते अ.०६:३० बजेको समयमा प्रतिवादीहरु महेशी भन्ने महेश राय यादव, संजित कुमार यादव, भोगेन्द्र राय यादव र रविन्द्र राय यादव समेतले पुर्व योजना बनाई मेरो छोरी सुनिलालाई कुटपिट गरी घाँटी थिची हत्या गरेको हुँदा प्रतिवादीहरुउपर कानूनबमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको **जुगल राय यादवको कागज।**

१६. मिति २०७७।३।१ देखि ऐ.१४ गते सम्म मृतक सुनिला कुमारी यादवको मोवाईल न. ९८१९८०६२४४ बाट मृतकको भिनाजु बिलट राय यादवको मोवाईल नम्बर ९८१९८८६९५१ मा MO, Outgoing calls2 र MT, Incoming calls 7 रहेको, मृतक सुनिला कुमारी यादवको देवर भोगेन्द्र यादवको मोवाईल न.९८१६८८०९२८ बाट मृतकको भिनाजु बिलट राय यादवको मोवाईल नम्बर ९८१९८८६९५१ मा MO, Outgoing calls2 र MT, Incoming calls 2 रहेको, मृतक सुनिला कुमारी यादवको मोवाईल न.९८१९८०६२४४ बाट मृतकको दाजु जाहेरवाला कृष्ण कुमार यादवको मोवाईल नम्बर ९८१५८९२३०१ मा MO, Outgoing calls13 र MT, Incoming calls 15 रहेको, मृतक सुनिलाकुमारी यादवको देवर भोगेन्द्र यादवको मोवाईल न.९८१६८८०९२८ बाट मृतकको दाजु जाहेरवाला कृष्ण कुमार यादवको मोवाईल नम्बर ९८१५८९२३०१ मा MO, Outgoing calls6रMT, Incoming calls 5 रहेको भन्ने समेत व्यहोराको **प्र.ना.नि.सुखाडी साहको CDR बिश्लेषण प्रतिवेदन।**

१७. मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा प्रतिवादीहरु संजित कुमार यादव, महेशी भन्ने महेश राय यादव, भोगेन्द्र राय यादव, रविन्द्र राय यादव समेतलाई दफा १७७(२) बमोजिम सजाय हुनका साथै प्रतिवादीहरु संजित कुमार यादव, महेशी भन्ने महेश राय यादव, भोगेन्द्र राय यादव, रविन्द्र राय यादव समेतबाट मृतकको हकवालालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाई भराई पाउनुको साथै प्रतिवादीहरुबाटै अपारध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम क्षतिपूर्ति शुल्क

समेत दिलाई भराई पाउँन समेतको मागदावी लिई पेश हुन आएको **वादी नेपाल सरकारको अभियोगपत्र।**

१८. जाहेरवाला मेरो जेठान हो। अन्य प्रतिवादी मेरो बुवा हुन। करिव ७ वर्ष पहिला मृतक सुनिला यादवसँग मेरो विवाह भएको थियो। मेरो र श्रीमतीको सम्बन्ध राम्रो थियो। घटनास्थल मुचुल्काको व्यहोरा ठिक छ। म सो घटना हुनुको अघिल्लो दिन मृतकसँग सुतेको थिईन। साधारण झगडा भएको थियो। मेरो श्रीमती मेरो भाईको श्रीमतीसँगै सुतेकी थिईन। बिहानी पख हामीहरु अरु काम गर्न तल कोठामा आएको बखत मेरो श्रीमती मेरो कोठामा गई पासो लगाएकी हुन्। पछि अस्पताल लैजाने क्रममा उनको मृत्यु भएको हो। सामान्य घरमा झै-झगडा भएको थियो। कुटपिट पनि भएको थिएन। खै के भएर पासो लगाईन थाहा भएन। लासजाँच मुचुल्का व्यहोरा ठिकै छ। जाहेरी दरखास्त झुठा हो। मैले कोट पाईन्टको लागि झगडा गरेको छैन। मेरा बुवाले भैंसीको पनि माग गर्नु भएको छैन। सबै कपोलकल्पित झुठा आरोप लगाएका हुन्। मेरो श्रीमती गर्भवती पनि थिईनन्। मलाई फसाउनको लागी यो झुठा आरोप लगाएको हो। मैले र मेरो बुवाले त्यस्तो केही पनि गरेको छैन। मैले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोरा झुठा हो। मैले यस्तो बयान गरेको थिईन। मैले कोट पाईन्टको लागि श्रीमतीसँग विवाद गरेको थिईन। विलट राय, सुशिल यादव, मनोज कुमार यादव, राज नारायण यादव, जुगल राय यादव समेतको कागज व्यहोरा झुठा हो। मैले सो कार्य गरेको छैन। हाम्रो परिवारमा सामान्य विवाद हुने गर्दथ्यो। तर मारपीट गर्ने गरेको थिएन। हेम कला यादव र नैना कुमरको कागज आंशिक ठिकै छ। हामी दुई विच कुटपीट भएको थिएन।मेरो र श्रीमतीको वीच सामान्य विवाद मात्र भएको थियो। घटनाको अघिल्लो दिन मेरो श्रीमतीले आवेशमा आई तँलाई म फसाई दिन्छु भनी गाली गरेकी थिईन। सो दिनको भोलिपल्ट उनले आफुलाई पासो लगाएकी हुन्। मलाई यो झुठा मुद्दामा फसाउन खोजिएको हो। मैले केही पनि गरेको छैन। अभियोग दावी झुठा हो। मलाई झुठा अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको **प्रतिवादी संजित कुमार यादवले सुरु अदालतमा गरेको बयान कागज।**

१९. जाहेरवाला मेरो मृतक बुहारीको दाई हुन्. अर्का प्रतिवादी मेरो छोरा हो। म र मेरो मृतक बुहारी बीचमा राम्रो सम्बन्ध थियो। साह्रै दु:ख लागेर आउँछ। घटनास्थल मुचुल्काको व्यहोरा ठिक छ। विहान करिब ७ बजेको समयमा हामी पराय सवैजना तलको कोठाहरुमा थियो। सोही बखत बुहारी सुनिला आफ्नो कोठामा आई पासो लगाएकी हुन्। बेलुकाको समयमा मेरो छोरा र मृतक बुहारी बीच सामान्य विवाद भईरहेको थाहा पाई म नै गएर विवाद साम्य पारेको थिएँ। मैले नै बुहारीलाई पछि फेरी छोरासँग विवाद भई झगडा होला भनेर अर्की बुहारी साथ सुत्न भनी भनेको थिएँ। त्यसपछि सवै ठिक नै थियो। भोलिपल्ट एक्कासी यस्तो अनर्थ हुन पुग्यो। लास जाँच मुचुल्काको व्यहोरा ठिकै हो। सम्पूर्ण जाहेरी व्यहोरा झुठा हो। मेरो छोराले कोट पाईन्टको लागि विवाद गरेको थिएन। मैले बुहारीको बुवासँग भैंसी माग पनि गरेको थिएन। हामीलाई फसाउनको लागि यो झुठा आरोप लगाएको हो। मैले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोरा झुठा हो। मेरो छोराले कोर्ट पाईन्टको लागि विवाद नगरी अन्य सामान्य घरायसी कुरामा विवाद गरेको थियो कुटपीट सम्मको अवस्था सम्म पनि सो विवाद पुगेको थिएन। प्रतिवादी संजित कुमार यादवको बयान व्यहोरा झुठा हो। हामीलाई फसाउन खोजिएको हो। विलट राय, सुशिला यादव,

मनोज कुमार यादव, राज नारायण यादव र जुगल राय यादव समेतको कागज व्यहोरा झुठा हो। हेमकला यादव र नैना कुमरको कागज आंशिक ठिकै छ। छोरा र मृतक बुहारी बीच हात हालाहाल भएको स्थिति थिएन। बुहारी गर्भवती पनि थिईनन्। खै के भएर पासो लगाईन. थाहा भएन। त्यस्तो कुटपिट मारपिट पनि भएको थिएन। सम्बन्ध राम्रै थियो। सम्पूर्ण अभियोग दावी झुठा हो। हामीलाई फसाउन खोजिएको हो। यो झुठा दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको **प्रतिवादी महेशी भन्ने महेश राय यादवले सुरु अदालतमा गरेको बयान कागज।**

२०. तत्काल प्राप्त प्रमाणबाट हालै प्रतिवादी संजित कुमार यादव हालै निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिन नआएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी तत्काल मुद्दा पुर्पक्षका लागि प्रतिवादी संजित कुमार यादवलाई मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ६७ को उपदफा (१) बमोजिम नियमानुसार सिदा खान पाउने गरी थुनामा राख्न कारागार कार्यालय महोत्तरीमा पठाइ दिनु। तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी महेशी भन्ने महेश राय यादव हालै निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिन नआएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी तत्काल मुद्दा पुर्पक्षका लागि प्रतिवादी महेशी भन्ने महेश राय यादवबाट मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को ७२ को उपदफा (१) को आधारमा दफा ६८ को उपदफा (१) बमोजिम रु.५०,०००।-(पचास हजार रुपैयाँ मात्र) नगद वा सो वरावरको जेथा धरौट दिए लिई यी प्रतिवादी महेशी भन्ने महेश राय यादवलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी **सुरु अदालतको आदेश।**

२१. सम्मानित उच्च अदालतको मिति २०७७/०९/१६ गतेको आदेशानुसार **प्रतिवादी महेसी भन्ने महेश राय यादव** मुद्दा पुर्पक्षको लागि साधारण तारेखमा रहेको।

२२. जाहेरी दरखास्तमा उल्लेखित व्यहोरा मेरो होईन। तर सोमा भएको सही छाप मेरै हो। मृतक सुनिला कुमारीको मृत्यु २०७७/०३/१४ गतेका दिन बिहान ६:००/६:३० बजेतिर भएको हो। मिति २०७७/०३/११ गतेका दिन मेरो कान्छो भाईको विहेमा निज बहिनी तथा बहिनी ज्वाई समेत आएका थिए। के कुन विषयमा यी दुई जना श्रीमान श्रीमतीको वादविवाद भई मेरो बहिनी ज्वाई संजित कुमार यादव जन्तीबाट फर्की मेरो बहिनीलाई माईतीमा नै छोडी एक्लै घर फर्केका थिए। पछि मेरो बहिनी पनि घर पुग्दा त्यहाँ पनि यी दुई जना बीच हल्ला झगडा वादविवाद हुँदा घरका ठूलाबडाले सम्झाई बुझाई मेरो बहिनीलाई छुट्टै कोठामा सुत्न लगाएका थिएँ। भोलिपल्ट विहान निज मृतकले सुत्ने कोठामा आई विहान ६ बजेतिर पासो लगाई आत्महत्या गरेकी छिन्। उक्त समयमा मेरो बहिनी ज्वाई आफ्नो कोठामा हुनुहुन्थेन। प्रतिवादीहरुको संलग्नता नै नरहेकोले घटनाका लागि सजाय हुनुपर्ने होईन भन्ने समेत व्यहोराको **जाहेरवाला कृष्ण कुमार यादवले सुरु अदालतमा गरेको बकपत्र।**

२३. घटना विवरण कागजमा भएको व्यहोरा र सहीछाप मेरै हो। घटना वारदातका दिन प्रतिवादी संजित यादव तथा मृतक सुनिल यादव बिच सामान्य भनाभन भई संजित यादव आफ्नो घर कोठामा जाँदा मृतक सुसिला यादवलाई झुण्डी हेरी हतपत निजलाई तल झारी अस्पताल लग्दा निजको मृत्यु भैसकेको थियो। मेरो जेठाजुलाई निजको ससुरालीबाट दिईएको कोट लिन मन नलागी सो कोट ससुरालीमै छोडेर आउँदा निजकी श्रीमती मेरो जेठानी दिदीले कोट लिएर आई दिंदा किन कोट लिएर आएकी भन्ने निहुँमा दुई जनाको झगडा भएको सुनी थाहा पाएको छु।

उक्त झगडा भएको बेला म आफ्नो कोठामा सुतिरहेको थिएँ भन्ने समेत व्यहोराको **घटना विवरण कागज गर्ने हेमकला देवी यादवले सुरु अदालतमा गरेको बकपत्र।**

२४. घटना विवरण कागजमा भएको व्यहोरा मेरो होईन। सोमा भएको सही छाप मेरै हो। मृतक सुनिला कुमारी यादवको मृत्यु निज आफैं झुण्डिई आत्महत्या गरेको कारण भएको हो। प्रतिवादीहरुलाई सजाय हुनुपर्ने होईन भन्ने समेत व्यहोराको **घटना विवरण कागज गर्ने मनोज कुमार यादव र राजनारायण यादव समेतले सुरु अदालतमा गरेको एकै व्यहोराको बकपत्र।**

२५. घटनास्थल मुचुल्कामा भएको व्यहोरा मेरै हो। सोमा भएको सहीछाप मेरै हो। उक्त मुचुल्का मेरो सामुन्नेमा तयार गरेको हो। प्रतिवादीहरुसंग मृतकको कुनै किसिमको विवाद भएको थिएन भन्ने समेत व्यहोराको **घटनास्थल मुचुल्काका कागज गर्ने अनिल कुमार यादवले सुरु अदालतमा गरेको बकपत्र।**

२६. विहानको समयमा म चिया पसलमा चिया खाँदै थिएं। प्रतिवादी महेश राय यादवको घरै नजिकमा थिए। चिया खाँदै गर्दा हल्ला भयो की संजित कुमार यादवको श्रीमती पासो लगाएको हो। त्यसपछि म पनि घटनास्थलमा पुग्दा मृतक पासो लगाई छटपटाईरहेको थियो। गाउँका मानिसहरु समेत मिली निजको पासो चुलेसीले काटी नजिकै रहेको जीवन ज्योती अस्पतालमा लग्यो। अस्पतालमा निजको मृत्यु भएको हो। जाहेरवालाको बहिनीलाई कसैले मारेको होईन। निज आफैं रिस आवेगमा आई पासो लागेर मरेकी हुन्। प्रतिवादीहरुलाई सजाय हुनुपर्ने होईन। सफाई हुनुपर्ने हो भन्ने समेत व्यहोराको **प्रतिवादी महेशी राय भन्ने महेश राय यादवका साक्षी राजाराम भन्ने राजनारायण यादवले सुरु अदालतमा गरेको बकपत्र।**

२७. प्रतिवादी संजित कुमार यादव र निजको श्रीमती दुवै जना माइती गएको थियो। माईतीबाट फर्की आएपछि बेलुका सामान्य विवाद भयो। त्यसको भोलिपल्ट विहान म र संजित संगै घुम्न गयौं। करिब ७:०० बजे तिर घरमा फर्की आउँदा आफ्नै कोठामा निजको श्रीमतीले पासो लागी झुण्डिरहेको देखेपछि मैले चुलेसीले काटी तल उतारी तुरुन्तै अस्पताल लग्यौ। उसको मृत्यु अस्पतालमा नै भयो। उनी आफैं आत्महत्या गरेकी छिन्। प्रतिवादीहरु निर्दोष छन्। निजहरुलाई सजाय नभई सफाई हुनुपर्ने हो भन्ने समेत व्यहोराको **प्रतिवादी संजित कुमार यादवको साक्षी जितेन्द्र राय यादवले सुरु अदालतमा गरेको बकपत्र।**

२८. सुरु अदालतको आदेशानुसार प्रादेशिक अस्पताल जलेश्वर महोत्तरीको च.नं.६२२ मिति २०७९/११/१४, च.नं.४३८ मिति २०७९/०८/२१ र च.नं.८०६ मिति २०८०/०१/२३ गतेको पत्रसाथ प्राप्त हुन आएको प्रतिलिपि समेत मिसिल संलग्न रहेको।

२९. सुरु अदालतको आदेशानुसार जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीको च.नं. १२८८ मिति २०७८/०८/१५ गतेको पत्रसाथ प्राप्त हुन आएको परिक्षण प्रतिवेदन मिसिल संलग्न रहेको।

३०. **सुरू अदालतको फैसलाः प्रतिवादी संजित कुमार यादव र महेशी भन्ने महेश कुमार यादव** उपरको वादी नेपाल सरकारको अभियोग मागदावी सो हदसम्म पुग्न नसक्ने ठहर्छ। प्रतिवादी द्वयले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। अन्य प्रतिवादीहरुको हकमा यस अदालतबाट जारी भएको पक्राउ पूर्जी मिति २०७८/०९/३० मा तामेल भएको र संहिताका म्यादभित्र यस अदालतमा उपस्थित भएको नदेखिंदा निजहरुका हकमा मुलुकी

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ नं. बमोजिम गर्ने गरी निजहरुका हकमा मुलतवीमा राखिदिने ठहर्छ भन्ने समेत ब्यहोराको सुरु जिल्ला अदालतबाट भएको फैसला।

३१. **वादी नेपाल सरकारको पुनरावेदनपत्रः** मृतक सुनिलाकुमारी यादवको लास जाँच मुचुल्का, मृतकको शव परिक्षण प्रतिवेदन र प्रतिवादी संजित कुमार यादवले मौकामा वयान गर्दा आफूले मृतक श्रीमतीलाई कुटपिट गरेको भनी स्वीकार गरी बयान गरेको समेतबाट मृतक सुनिला कुमारीको मृत्यु संजित कुमार यादव समेतको कुटपिटको कारणवाट भएको भन्ने पुष्टि भएको अवस्था छ। जाहेरवाला तथा मौकामा कागज गर्ने बिलट राय यादव, सुनिल यादव, मनोज कुमार यादव, राज नारायण यादव. हेमकला देवी यादव, नैन कुमारी देवी र जुगल राय यादव समेतले मौकामा कागज गर्दा मृतक सुनिला देवीलाई प्रतिवादीहरुले कुटपिट गरेको, शारीरिक मानसिक यातना दिएको, मृतकको अनुहारमा निल डाम रहेको भनी लेखाई दिएको तथ्य र निजहरुले अदालतमा आफूले मौकाको कागजमा गरेको सहीछाप चाही ठीक हो भनी लेखाई दिएको तथ्य एवं आधारहरु तथा प्रतिवादीहरु संजित कुमार यादव र महेशी भन्ने महेश राय यादव स्वयंले मृतकसँग झगडा भएको भनी स्वीकार गरी गरेको बयान समेतका आधारहरुबाट जाहेरी व्यहोरा पुष्टि भएको अवस्थामा वादी पक्षको साक्षीले मौकाको भनाई भन्दा प्रतिकुल बकपत्र गरेको व्यहोरालाई मात्र आधार लिई मिसिल संलग्न किटानी जाहेरी, मौकामा घटनाविवरण कागज गर्ने व्यक्तिहरुले गरिदिएको घटनाविवरण कागज समेतलाई प्रमाण ऐन २०३१ को दफा ९ र १० बमोजिम प्रमाणको रुपमा मूल्यांकन नै नगरी प्रतिवादीहरुलाई सफाई दिएको सुरू फैसला त्रुटिपूर्ण हुँदा फैसला वदर गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र।

**ठहर खण्ड**

३२. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको शुरु सक्कल मिसिल समेत अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकील कार्यालय जनकपुरको विद्वान सहायक न्यायाधिवक्ता धर्मेन्द्र दासले प्रतिवादी संजित कुमार यादवले मौकामा वयान गर्दा आफूले श्रीमतीलाई कुटपिट गरेको भनी स्वीकार गरी बयान गरेको, मृतक सुनीला कुमारी यादवको लासजाँच मुचुल्का, मृतकको शव परिक्षण प्रतिवेदन, जाहेरवाला तथा मौकामा कागज गर्ने बिलट राय यादवसमेतले मौकामा कागज गर्दा सुनिला देवीलाई प्रतिवादीहरुले कुटपिट गरेको, शारीरिक मानसिक यातना दिएको, मृतकको अनुहारमा निल डाम रहेको भनी लेखाई दिएको तथ्य र निजहरुले अदालतमा आफूले मौकाको कागजमा गरेको सहीछाप ठीक हो भनी लेखाई दिएको तथ्य एवं आधार समेतबाट प्रतिवादीहरुको कसूर पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको शुरु अदालतको फैसला फरक पर्न सक्ने भएकोले प्रत्यर्थी झिकाई पाउँ भनि प्रस्तुत गर्नु भएको वहस समेत सुनियो।

३३. मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीहरु संजित कुमार यादव, महेशी भन्ने महेश राय यादव, भोगेन्द्र राय यादव, रविन्द्र राय यादव समेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा दफा १७७(२) बमोजिम सजाय हुनका साथै प्रतिवादीहरु संजित कुमार यादव, महेशी

भन्ने महेश राय यादव, भोगेन्द्र राय यादव, रविन्द्र राय यादव समेतबाट मृतकको हकवालालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम मनासिव क्षतिपूर्ति दिलाई पाउँ भन्ने अभियोग माग दावी रहेकोमा प्रतिवादी संजित कुमार यादव र महेशी भन्ने महेश कुमार यादवउपरको वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न नसकी प्रतिवादी द्वयले आरोपित कसूरबाट सफाई पाउने र अन्य प्रतिवादीहरुको हकमा सुरु अदालतबाट जारी भएको पक्राउ पूर्जी तामेल भई म्यादभित्र सुरु अदालतमा उपस्थित नभएकोले निजहरुका हकमा मुलतवीमा राखि दिने ठहराई सुरु अदालतबाट फैसला हुँदा सो फैसलामा चित्त नबुझाई सफाई पाएका प्रतिवादीहरुलाई अभियोग माग दावी अनुसार सजाय हुन वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदनपत्र दायर भएको देखियो।

३४. मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ताको बहस सुनी उपरोक्त तथ्य रहेको प्रस्तुत मुद्दामा शुरु महोत्तरी जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनु पर्ने देखियो।

३५. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी संजित कुमार यादवले मौकामा अनुसन्धानको वयानमा मृतक सुनीला कुमारीसँग कपडाको विषयमा सामान्य विवाद हुँदा निजलाई मैले थप्पड सम्म हानेको हो, वारदातको राती निज भाई बुहारी हेमकलासँग र म आफ्नै कोठामा एक्लै सुतेकोमा विहान म उठेर दिशा पिसाव गरी घरमा आउँदा श्रीमतीले आफ्नै घर कोठा भित्रको छिस्केनी लगाई भित्रै झुण्डेको देखी चिच्याई ढोकाको माथिबाट हात छिराई छिस्केनी खोली कोठामा प्रवेश गरी दाजु रविन्द्र कुमार यादवले झुण्डेको सलकपडा काटी उपचारको लागि नजिकैको अस्पतालमा लैजाँदा निजको मृत्यु भई सकेको भन्ने व्यहोरालाई लेखाएको देखिन्छ भने अदालतमा पनि मौकाको वयान व्यहोरामा समर्थन गर्दै आरोपित कसूरमा इन्कार रही वयान गरेको देखिन्छ। बिवाहमा छोरा संजितले रोजेको कपडाको कोट र पेन्ट खरीद नगरेको बिषयमा छोरा र बुहारी विच वारदातको अघिल्लो दिन विवाद हुँदा साँझतिर छोराले बुहारीलाई अनुहारमा ३ थप्पड हानेको, बुहारीलाई कान्छी बुहारी हेमकलासँग सुत्न लगाएको र १४ गते बिहान बुहारी घर कोठाभित्रै झुण्डेको कुरा छोरा संजितले देखी चिच्याएको हुँदा म समेत हतारमा माथि गई मेरो जेठो छोरा रविन्द्र कुमार यादवले झुण्डेको सल कपडा काटी उपचारको लागि नजिकैको अस्पतालमा लैजादा बुहारीको मृत्यु भई सकेको थियो भन्ने समेत व्यहोराको प्रतिवादी महेशी भन्ने महेश राय यादवले सहप्रतिवादी सञ्जितकुमार यादवको बयान मिलानको अनुसन्धान र अदालतमा बयान गरेको देखिन्छ। प्रतिवादीहरूका साक्षी जितेन्द्र राय यादव र राजाराम भन्ने राजनारायण यादवले प्रतिवादीहरूले सुनिला कुमारी यादवलाई मारेको नभई आफै आत्महत्या गरेको हो भनी प्रतिवादीहरूको भनाइलाई समर्थन हुने गरी बकपत्र गरेको देखियो।

३६. जाहेरवालाले प्रतिवादीहरु मिली बहिनीलाई कुटपिट गरी घाँटी थिची कर्तव्य गरी मारी सलमा पासो लगाई झुण्डयाई ज्यान मारी दिएको भनी जाहेरीमा उल्लेख गरेको भएपनि निजले अदालत समक्ष उपस्थित भई वकपत्र गर्दा, बहिनी र ज्वाई प्रतिवादी संजित कुमार यादव बीच वादविवाद हुँदा

घरका ठूलाबडाले सम्झाई बुझाई छुट्टै कोठामा सुत्न लगाएका थिए, भोलिपल्ट विहान वहिनी आफू सुत्ने कोठामा आई विहान ६ बजेतिर पासो लगाई आत्महत्या गरेकी हुन् उक्त घटनामा प्रतिवादीहरुको कुनै संलग्नता रहेको छैन भनी जाहेरी व्यहोरालाई खण्डित हुने गरी प्रतिवादीहरूको बयानलाई समर्थन हुने गरी वकपत्र गरेको देखिन्छ। घटना विवरण कागज गर्ने हेमकला देवी यादवले वकपत्र गर्दा वारदातका दिन प्रतिवादी संजित यादव तथा मृतक सुनीला यादव बिच सामान्य भनाभन भई सुनिला यादव राती आफ्नो कोठामा र संजित यादव अर्कै कोठामा सुतेकोमा विहान सुनिला यादव आफ्नो कोठामा गई झुण्डी आत्महत्या गरेकी हुन भनी व्यहोरा उल्लेख गरेको देखिन्छ। घटना विवरण कागज गर्ने मनोज कुमार यादव र राजनारायण यादव तथा घटनास्थल मुचुल्काका अनिलकुमार यादव समेतले सुनिला कुमारी यादवले आफैं झुण्डिई आत्महत्या गरेको कारण मृत्यु भएको हो भनी प्रतिवादीहरूको बयानलाई समर्थन हुने गरी अदालतमा वकपत्र गरेको देखियो।

३७. अब प्रतिवादीहरू र साक्षी प्रमाण बाहेकका अन्य बैज्ञानिक प्रमाणबाट दावीको वारदातमा के कस्तो अवस्था देखिन्छ भनी हेर्दा मृतकको लासको घाँटीमा "U" आकारको ११ ईन्च लम्बाई र १/२ ईन्च चौडाइको, खैरो रङ्गको निलडाम रहेको, वायाँ आखाँ मुनि डिलमा २" लम्बाई निलडाम रहेको, दुबै ओठको वायाँतर्फ वाहिर ओठ र ओठ भित्र गोलाकार निलडाम रहेको भन्ने समेत व्यहोराको **लाश** जाँच मुचुल्का देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदनमा पनि लाश जाँच मुचुल्कामा उल्लेख भए बाहेकका बाहिरी घाउँचोट रहे भएको उल्लेख भएको देखिदैन। मृतकको शव परीक्षण प्रतिवेदन अनुसार मृतकको मृत्युको कारण स्पष्ट रुपमा उल्लेख नभई मृत्युको कारण बुझ्न मृतकको भिसेरा परीक्षणको लागि नमुना विधि विज्ञान प्रयोगशालामा पठाएकोमा जिल्ला सरकारी वकिल कार्यालयको च.नं.१२८८ मिति २०७८।०८।१५ गतेको पत्रसाथ प्राप्त हुन आएको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला विष विज्ञान शाखाको च.नं. ५१५७ मिति २०७७।१०।२२ गतेको पत्रसाथ प्राप्त हुन आएको परिक्षण प्रतिवेदनमा *The exhibits no.1-5 have shown Negative tests for above mentioned insecticides and phosphine gas* भन्ने उल्लेख भएको देखिन्छ। यसर्थ प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी मारी झुण्डयाएको भन्ने जाहेरी दरखास्त समेतका अनुसन्धानमा तयार भएका कागजहरूमा व्यक्त तथ्यहरूलाई उक्त वैज्ञानिक प्रमाणहरूबाट पुष्टि भएको देखिदैन।

३८. सापेक्षिक अपराध हुनलाई आपराधिक मनसाय (*Mens rea*) र आपराधिक कार्य (*Actus reus*) तत्व अनिवार्य हुनु पर्ने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेकोमा यी दुई तत्वको अनुपस्थितमा अपराध हुन सक्दैन। प्रतिवादी संजित कुमार यादव र निजको पत्नी मृतक सुनीला कुमारी यादव वीच कपडाको सामान्य विषयको विवाद वाहेक अन्य कुनै पहिला देखिको विवाद रहे भएको देखिदैन। मृतकलाई प्रतिवादीहरुले मार्नु पर्ने सम्मको कुनै पहिला देखिको विवाद (*issue*) र कारण देखिदैन भने उक्त घटनामा प्रतिवादीहरुको संलग्नता रहेको भन्ने समेत वादी पक्षले पुष्टि गर्न सकेको पाईदैन।सामान्य पारिवारिक विवादमा सुनिलाकुमारी यादवलाई वारदातको अघिल्लो दिन प्रतिवादी संजितकुमार यादवले सामान्य २।३ थप्पड हानेको भनी अनुसन्धानमा वयान गरेको र हेमकला यादवको कागजबाट पनि सोही तथ्य खुलेको देखिए पनि प्रतिवादीहरूको कर्तव्यबाटै सुनिलाकुमारी यादवको मृत्यु भएको भन्ने बस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि भएको देखिदैन।

३९. प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार अनुसन्धानको क्रममा तयार भएका कागजमा आफ्नो व्यहोरा उल्लेख गर्ने व्यक्तिहरूले अदालतमा आई वकपत्र गरी अनुसन्धानको व्यहोरा समर्थन हुने गरी वकपत्र गरेको अवस्थामा मात्रै त्यस्तो भनाइलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्छ। तर प्रस्तुत मुद्दामा जाहेरवाला र घटना विवरणमा कागज गर्ने मानिसहरूले अनुसन्धानमा प्रतिवादीहरूले मारेको भनी व्यहोरा लेखाए पनि अदालत समक्ष उपस्थित भई वकपत्र गर्ने अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूले मृतकले आफै आत्महत्या गरी मरेको र सो कार्यमा प्रतिवादीहरूको कुनै संलग्नता नरहेको भनी प्रतिवादीहरूको बयानलाई समर्थन हुने गरी व्यहोरा उल्लेख गरेको देखियो। अनुसन्धानको कागज र अदालतको वकपत्रमा व्यहोरा फरक परेको अवस्थामा अदालतको भनाइ नै बढी आधिकारिक, विश्वसनीय र प्रमाणिक मान्नुपर्ने देखियो। अर्कोतर्फ प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादी पक्षमा रहनेमा वादी पक्षले सोबमोजिम ठोस, बैज्ञानिक, निश्चयात्मक र बस्तुनिष्ठ प्रमाणहरुवाट प्रतिवादीहरूउपरको कसूर पुष्टि गर्न नसकेको अवस्थामा केवल जाहेरी दरखास्त र अभियोग दावीको आधारमा मात्र प्रतिवादीहरुले अभियोग दावीको कसूर गरेको ठहऱ्याउनु न्यायसंगत हुने देखिएन। शंकाको सुविधा अभियुक्तले पाउने नै देखियो। वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं सो समर्थित सहायक न्यायाधिवक्ताको वहस वुँदासँग सहमत हुन सकिएन। प्रतिवादीहरूलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला अन्यथा देखिएन।

४०. अतः माथि उल्लिखित आधार, कारण र प्रमाण समेतका आधारमा प्रतिवादीहरू संजितकुमार यादव र महेशी भन्ने महेशकुमार यादव समेतले अभियोग दावीबाट सफाई पाउने ठहरी सुरु महोत्तरी जिल्ला अदालतबाट मिति २०८०।०४।२९ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल</u>**

- प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिनू.......................................................................................................१
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू.......................................२
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नू.......................................................३
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू........................................४

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(नर बहादुर खड्का)
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***

इजलास अधिकृतः सुनिल कुमार चौहान

टाईप गर्नेः- चाँदनी शर्मा

इति सम्वत् २०८१ साल साउन ३२गते रोज ६ शुभम् ...................................................।

प्रमाणीकरण मिति : २०८१।०५।